कनकलता वज्राचार्य

# कठिनकालकी आन्दोलनकारी



जन्म : वि. सं. १९८९ माघ २०

राणाशासनको बिगबिगीमा जनतासँग कुनै मौलिक हकहरू थिएनन् । आर्थिक रूपमा जनताको स्तर जति दयनीय थियो, राजनीतिक रूपमा पनि त्यसभन्दा उन्नत थिएन । विद्यालय र क्याम्पस खोल्दा 'खुट्टामा बञ्चरो हानेको' ठान्ने राणाहरूले जनतालाई अन्धकारमा राखेर आफ्नो शासनसत्तालाई स्थायी र चिरञ्जीवी बनाउने सपना देखेका थिए । तर, कनकलता वज्राचार्यलाई राणाहरूको त्यो व्यवहार र सोच पटक्कै मन परेको थिएन । लेख्न, पढ्न र बोल्न पाउने नागरिकका मौलिक हकमाथि बन्देज किन ? उहाँको कलिलो मनमा यो प्रश्न निरन्तर उब्जिरहेको थियो । यस्तै अवस्थामा नागरिक जागरणका अगुवा स्नेहलता, कामाक्षादेवी, साधना प्रधान, सहाना प्रधान, मङ्गलादेवी सिंहजस्ता सचेत र अगुवा महिलाहरूसँग उहाँको सम्पर्क भयो । त्यही सम्पर्कले नै अन्ततः उहाँलाई राजनीतिक राजमार्गमा हिँडायो । प्रारम्भिक अवस्थामा नेपालमा महिला आन्दोलनलाई संस्थागत र सङ्गठित गर्न कनकलताले दिनुभएको योगदान निकै प्रशंसायोग्य र सराहनीय छ ।

नेपालमा नागरिक हकको माग गर्दै पहिलोपटक ००४ सालमा पद्मोदय हाइस्कुलबाट निस्केको ऐतिहासिक जुलुसमा सहभागी हुने अवसर कनकलताले पनि पाउनुभएको थियो । नागरिक हक मागेबापत स्नेहलतासहित कनकलताहरूलाई राणा सरकारले हिरासतको बास उपहार दियो । त्यसपछि कनकलतामा राणाहरूप्रति झन् तीव्र घृणा र आक्रोश जाग्न थाल्यो भने आन्दोलनप्रति प्रगाढ समर्पण र उच्च सम्मान । उहाँहरूलाई थुनिएको टङ्गालको कैदी घरभित्रै कनकलताहरूले अनसन सुरु गर्नुभयो । त्यही अनसनका कारण उहाँहरू सात दिनमै रिहा हुनुभएको थियो ।

पहिलोपटकको गिरफ्तारीले कनकलतालाई नयाँ किसिमको रोमाञ्चकता र गर्वानुभूति प्रदान गरिरहेकै बेला उहाँमाथि राजनीति छोड्न तीव्र दबाब पर्न थाल्यो । राणाहरूको सत्ता पल्टाएर जनताको शासन स्थापना गरौँला भन्ने सपना साँचिरहेका बेला उहाँमाथि आइपरेको यो कस्तीको आपत थिएन । तर, कनकलताले मन दह्रो बनाउनुभयो र

जस्तासुकै प्रतिकूलताहरूसँग जुधेर भए पनि राजनीतिक यात्रालाई अविचलित रूपमा अघि बढाउने अठोट गर्नुभयो ।

कनकलताका पिता न्हुछेमान वज्राचार्य पेसाले ड्राइभर हुनुहुन्थ्यो । त्यतिबेला उहाँ शङ्करशमशेर जबराको गाडी चलाउनुहुन्थ्यो । तर, छोरीलाई राजनीतिमा लगाएर राणाशासन उखेल्न खोजेको अभियोगमा शङ्करशमशेरले न्हुछेमानलाई जागिरबाट निकालिदिए । त्यसपछि कनकलतामाथि पारिवारिक दबाब झन् बढ्न थाल्यो । पिताको भएको रोजगारी पनि खोसिएपछि बिहान-बेलुकी हातमुख जोर्ने समस्याबाट त्यो परिवार आक्रान्त हुन पुग्यो । यो सबै विपत्तिको जडका रूपमा कनकलताको राजनीतिलाई नै दोषी ठहर गरियो । तर, राणाहरूका विरुद्ध भित्रैदेखि घृणा र आक्रोश पालेर बस्नुभएकी कनकलतालाई यी कुनै पनि कुराले छोएनन् । उहाँको एउटै ध्याउन्न थियो- अत्याचारी राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापना । उहाँ त्यही अभियानमा बुद्धि, विवेक र क्षमताले भ्याएसम्म क्रियाशील भइरहनुभयो ।

नेपाली महिला आन्दोलनको इतिहासमा ००४ सालको महत्त्व ऐतिहासिक छ । किनभने, मुलुकको सङ्गठित महिला आन्दोलनको विधिवत् जग बसाल्ने काम यसै साल भएको थियो । राणाशासनको जाँतोमा पिल्सिन नचाहने काठमाडौँका महिलाहरूले यसै वर्ष नेपाल महिला सङ्घको स्थापना गरेका थिए । यो सङ्घ कसैको एक्लो प्रयासमा स्थापना भएको नभई कैयौँ सचेत र जागरुक महिलाहरूको सामूहिक प्रयत्नका आधारमा स्थापना भएको थियो । कनकलता पनि त्यो अभियानकी एक सक्रिय अगुवा हुनुहुन्थ्यो । शान्ति निकुञ्ज विद्यालयकी छात्रा कनकलतामा रहेको राणाविरोधी भावना महिला सङ्घमार्फत मुखरित भयो । उहाँ सङ्घको संस्थापक सदस्य मात्र बन्नुभएन, त्यसका गतिविधिलाई अघि बढाउन अहोरात्र खट्नु पनि भयो ।

कनकलता सम्वत् १९८९ माघ २० गते काठमाडौँको क्षेत्रपाटीमा जन्मिनुभएको हो । पिता न्हुछेमान र माता लक्ष्मीदेवीको पहिलो सन्तानका रूपमा जन्मिनुभएकी कनकलताको बाल्यकाल माया, ममता र स्नेहमा

बितेको थियो'। तर, राजनीतिक चेतनाले अभिप्रेरित भएपछि भने उहाँले त्यो सबै बिर्सेर जस्तोसुकै कठिन र चुनौतीपूर्ण क्षण पनि बेहोर्ने संकल्प गर्नुभयो, जसका कारण कनकलता एक सामान्य महिलाका रूपमा मात्र होइन, नेपालको सङ्गठित महिला आन्दोलनको एक अगुवाका रूपमा स्थापित हुन सक्नुभयो। पेसाले उहाँ नर्स हुनुहुन्थ्यो। नेपालमा नर्सिङ तालिम प्राप्त गरिसकेपछि उहाँ त्यसैमा उच्च शिक्षा हासिल गर्न न्युजिल्यान्ड पनि पुग्नुभएको थियो।

०४६ को जनआन्दोनका समयमा कनकलता टेकू अस्पतालमा कार्यरत हुनुहुन्थ्यो। प्रजातन्त्र पुनःस्थापनाको अभियानमा सरिक भएबापत पञ्चायतले उहाँलाई स्पष्टीकरण सोधेको थियो। तर, जागिरको समेत पर्वाह नगरी कनकलताले आन्दोलनलाई आन्तरिक रूपमा सहयोग गर्नुभएको थियो। पञ्चायतको अवसान हुँदा निकै खुसी हुनुभएकी कनकलता प्रजातन्त्रमा पनि मौलाएको नातावाद, कृपावाद र भेदभावप्रति भने निकै आक्रोशित हुनुहुन्छ।

कनकलताको व्यक्तिगत जीवन निकै रोचक छ। शान्ति निकुञ्जमा पढ्ने बेलादेखि नै उहाँले कनकद्वीपलाई मन पराउनुभएको थियो। सुरुमा राजनीतिक रूपमा स्कुले विद्यार्थीलाई सचेत र सङ्गठित पार्न कनकद्वीपले निकै सक्रिय भूमिका खेल्नुभएको थियो, जसका कारण कनकलता पनि राणाविरोधी आन्दोलनमा आकर्षित हुनुभएको थियो। पछि कनकलताले कनकद्वीपसँग विवाह गर्नुभयो। वात्सायनका नामले पत्रपत्रिकामा यौनमूलक सामग्री लेख्ने कनकद्वीप आस्थाका हिसाबले काङ्ग्रेस नजिक हुनुभयो भने राणाशासनका बेला नै पुष्पलालहरूसँग सम्पर्क गर्नुभएकी स्नेहलता वामपन्थी राजनीतिसँग निकट रहनुभयो। जीवनको उत्तरार्द्धमा पनि कनकलता प्रजातन्त्रप्रति समर्पित हुनुहुन्छ।

◆